# सरुमारानी गाउँपालिका, प्यूठान

# आगलागी नियन्त्रण सम्बन्धी कार्ययोजना, २०८२

गाउँकार्यपालिकाबाट स्वीकृत मिति २०८२।०२।०८

**आ.ब. २०८१।०८२**

**सरुमारानी गाउँपालिका**

**स्थानीय विपद् ब्यवस्थापन समिति, बड्डाडा प्यूठान**

# सरुमारानी गाउँपालिकाको आगलागी नियन्त्रण सम्बन्धी कार्ययोजना, २०८२

**गाउँकार्यपालिकाबाट स्वीकृत मिति २०८२।०२।०८**

## १) पृष्ठभूमिः

स्वच्छ वातावरण र प्राकृतिक सौन्दर्य कायम राख्नको लागि वन क्षेत्र आवश्यक छ। देशको कुल भूभागको ४४% भन्दा बढी क्षेत्रफल ओगटेको वनक्षेत्र वन्यजन्तु, कृषि, पर्यटन, उद्योग, जलस्रोत र भौतिक पूर्वाधारको मेरुदण्डको रुपमा रहेको छ। वनको संरक्षण र व्यवस्थापनमा पछिल्लो समयमा वन डढेलो, अतिचरण, अतिक्रमण जस्ता विभिन्न मानव सिर्जित क्रियाकलापहरु ठूलो चुनौतीका रुपमा देखापर्दै गएको छ। विगत केही वर्षदेखि वन डढेलो एक प्रकोपको रूपमा बढ्नाले जैविक विविधताको महत्त्वपूर्ण स्रोतको रुपमा रहेको वन क्षेत्रलाई नोक्सानी पुग्दै गएको छ। नवीकरणीय ऊर्जाको स्रोतको रुपमा रहेको वनको विनाश र क्षयीकरण हुनुमा वन डढेलो आगलागी एक प्रमुख कारक तत्वको रुपमा रहेको पाइन्छ हरेक वर्ष सुख्खायामको सुरुवातसँगै बढ्ने डढेलोको प्रकोपबाट ठूलो मात्रामा प्राकृतिक तथा मानवीय क्षति भइरहेको छ। वन डढेलोका कारण बढ्दै गएको सामाजिक आर्थिक तथा वातावरणीय क्षतिलाई न्यूनीकरण गर्दै जैविक विविधता तथा नवीकरणीय ऊर्जाको स्रोतको संरक्षण गरि जलवायु परिवर्तनमा पर्न सक्ने नकारात्मक असरलाई न्यूनीकरण गर्न राष्ट्रिय स्तरबाटै वन डढेलो नियन्त्रणका लागि सबै सरकारवालाको प्रतिबद्धता सहित समस्या समाधानको लागि कार्यमूलक एवं नतिजामूलक प्रयासका साथै समन्वयात्मक साझा र दीर्घकालीन अवधारणा अवलम्बन गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै नेपाल सरकारले व्यवस्थापन सहकार्यको माध्यमद्वारा कार्यक्रम कार्यान्वयन गरी डढेलोबाट हुने जोखिम न्यूनीकरण गर्दै नियन्त्रित आगोको प्रयोगबाट हुने लाभको विस्तार गर्न राष्ट्रिय रूपमा वन तथा जैविक विविधताको दिगो व्यवस्थापनमा टेवा पुग्ने गरी विभिन्न तहका सरोकारवालाहरूको सहभागितामा वन डढेलो व्यवस्थापन रणनीति २०६७ तयार गरी लागू गरेको छ।यस गाउँपालिकाको भूगोल सुख्खा र कमलो भएकोले गर्मी मौसमको सुरुवात सँगसँगै वन डढेलोको प्रकोप पनि बढ्दै गएको देखिन्छ। गोठालाहरू, जंगली मह खोज्नेहरू, खोरिया पखेरो फडानी गरि खेति गर्नेहरु, वन क्षेत्रमा आगो लगाउदा नयाँ पालुवा पलाउँने र खेतबारीमा कोइला खरानी बगेर मलको रुपमा आउछ भन्ने परम्परागत मान्यताले वन क्षेत्रमा आगो लगाइदिने गरेकोले यस गाउँपालिकामा मानवीय क्षति नभएतापनि वार्षिक रुपमा उल्लेख्य मात्रामा जैविक वीवीधता र वातावरणमा नकारात्मक असर पर्नुको साथै धनको भने उल्लेख्य क्षति भैरहेको देखिन्छ। वन डढेलोको कारण प्रत्येक वर्ष वन क्षेत्रका साथै आसपास गाउँ बस्तीहरूमा जोखिमपूर्ण अवस्था सिर्जना भई बिस्थापननै हुनु परेको देखिन्छ। यस प्रकारको जोखिमपूर्ण अवस्थालाई न्यूनीकरणका लागि डडेलको मौसम सुरु हुनु पूर्वनै डिभिजन वन कार्यालय, सम्बन्धित स्थानीय तह र जिल्ला स्थित सरोकारवाला निकायहरु बीचको समन्वयमा डढेलो नियन्त्रण पूर्व तयारी योजना तयार गरि विभिन्न पूर्वतयारी स्वरूप प्रचारप्रसार, जनचेतना वृद्धि, ज्वलनशील पदार्थको व्यवस्थापन अग्नि नियन्त्रणका लागि सामग्री खरिद तथा वितरण, अग्निरेखा निर्माण लगायतका कार्यहरू सञ्चालन हुन अत्यावश्यक रहेको देखिन्छ। यस प्रकारको पूर्वतरिका बावजुद डढेलो लागेमा सम्पूर्ण सरोकारवाला निकायहरूको सहभागितामा यसलाई नियन्त्रण गर्नुको विकल्प छैन। सर्वप्रथम आम नागरिकमा डढेलो लाग्न

नदिने सकारात्मक सोचको विकास गर्न नितान्त आवश्यक छ। डढेलोबाट करोडौं वनजङ्गल हानी नोक्सानी हुने मानवीय क्षति हुने हुँदा समयमै यसलाई न्यूनीकरण गर्ने प्रयास गर्नु नितान्त आवश्यक==छ। वन वातावरण र पर्यावरणसँग सरोकार राख्ने संघसंस्था नागरिकसँग सामुदायिक वनका उपभोक्ता प्रहरी प्रशासन तथा वन कर्मचारीको संयुक्त प्रयास नै वन डडेलको हुनै नदिने भएमा तत्कालै नियन्त्रणमा लिने उपयुक्त विकल्प हो। वन डढेलो नियन्त्रण रणनीति २०६७ लाई केन्द्रबिन्दु मानी प्रस्तुत सरुमारानी गाउँपालिकाको आगलागी नियन्त्रण सम्बन्धी कार्ययोजना २०८२ तयार गरी कार्यान्वयनमा ल्याइएकोछ ।

**२) गाउँपालिकाको परिचयः**

सरुमारानी गाउँपालिका नेपालको लुम्विनी प्रदेश, देशान्तरः ८२॰४५'००"देखि ८२॰५७'३०" पुर्वी देशान्तर र अक्षांशः २७॰५३'३०"देखि २८॰०३'००" उत्तरी अक्षांश सम्म पैलिएको साविकको बाङ्गसाल, हंशपुर, ढुङ्गेगढी र तिराम (५—९ वडा) तथा धुवाङ ( वडा ७ र ८ ) गाविस समावेस गरी प्रसिद्ध पर्यटकीय स्थल सरुमारानीको नामबाट सरुमारानी गाउँपालिका नामकरण गरिएको हो । १५७.९७ वर्ग कि.मि. क्षेत्रफल रहेको यस गाउँपालिकाको उत्तरमा माण्डवी र ऐरावती गाउँपालिका, पश्चिमतिर दाङ जिल्ला, पूर्वमा एरावती गाउँपालिका र दक्षिणमा अर्घाखाँची जिल्ला रहेको छ । साविकका गाविसहरू बाङ्गेसाल, हंशपुर, धुवाङ (७,८), ढुङ्गेगढी र तिराम (५—९) गा.वि.स. गाविसहरूलाई समेटेर मिती २०७३ फाल्गुन २२ गते सरुमारानी गाउँपालिका घोषणा गरिएको थियो । उष्ण, समशितोष्ण र शितोष्ण हावापानी भएको यस गाउँपालिकाको अधिकतम तापक्रम ३२.४ डिग्री सेल्सियस र न्यूनतम तापक्रम ८.० डिग्री सेल्सियस रहेको पाईन्छ ।

यस गाउँपालिकाको २०७८ सालको जनगणना अनुसार जनसंख्या विवरण निम्नानुसार रहेको छ ।

| परिवार संख्या | जम्मा जन्संख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जनघनत्व | साक्षरता दर (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | जम्मा | पुरुष | महिला |
| ४४५३ | १९७८३ | ८८३२ | १०९५१ | ४.४४ | ८०.६५ | ०.५८ | १२५ | ७९.१५ | ८६.९८ | ७३.०२ |

प्राकृतिक श्रोतको दृष्टिकोणले संभावनायुक्त, मानविय श्रोतको दृष्टिकोणबाट नेतृत्व क्षमतायुक्त, राजनैतिक दल र सचेत एवं उत्प्रेरित गाउँपालिकाबासी यस गाउँपालिकाको दिगो विकासका आधारस्तम्भका रूपमा रहेका छन । यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ । यस गाउँपालिकामा ६ ओटा वडाहरू रहेका छन । गाउँपालिकामा अधिकाशं प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरू रहेका छन । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अर्को मुख्य श्रोतको रूपमा वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा विस्तारै आधुनिक जीवनशैलीमा रमाउँदै आएका छन । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ । फलस्वरूप गाउँपालिकाका युवा तथा कृषिमा दक्ष जनशक्ति पनि पलायन भएको देखिन्छ । गाउँपालिकामा आधारभूतदेखि माध्यमिक तह सम्मको शिक्षा

प्रदान गर्ने शैक्षिक संस्था रहेका छन । अधिकांश घरमा विद्युतको श्रोतको रूपमा सौर्य उर्जाको प्रयोग भएको देखिन्छ भने केही सिमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ ।जातीय परम्पराअनुसार बिभिन्न जातिमा असारे गीत, तीजमा महिलाका हदयस्पर्सी भाका, तिहारमा भैलो, झयाउरे (झाम्रे) र दोहोरी गीतको प्रचलन छ । चार्डपर्वमा बैशाखी पूर्णिमा, आषाढ पन्ध्रमा दही च्यूरा खाने, साउने र माघे सक्रान्ति, दशैं, तिहार, तीज, होलि, कृष्णजन्माष्टमी, बकरइद, बुद्धजयन्ती, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रूपमा रहेको पाईन्छ ।

## ३) योजनाको उदेश्यहरुः

- आम नागरिकलाई आगलागी नियन्त्रण वारे सचेतना अभिबृदी गर्ने,
- बिगतका घटनाहरुको अनुभवको आधारमा पालिका भित्रको अवस्था पहिचान गरि यो बर्षको लागि आवस्यक तयारी गर्ने,
- सम्पूर्ण सरोकारवालाहरुको सहभागितामा डढेलो नियन्त्रण गर्ने,
- आगलागी नियन्त्रमा खटिने सरोकारवालाहरुको स्रोत साधन सहित क्षमता अभीबृदी गर्ने,
- सबै बिधी र प्रक्रियाको मध्यमवाट सचेतना अभिबृदी गर्ने,
- वन समिति र उपभोक्तालाई डढेलो नियन्त्रण कार्यमा क्रियाशील वनाउने,
- डढेलोबाट हुन सक्ने जोखिमको जानकारी लिई आवश्यक पूर्व तयारी गर्ने,


## ४) के हो वनडढेलो/आगोलागी


सामान्यतया वनमा लाग्ने विनाशकारी आगुवा वनमा लागेको आगो जब खुल्ला रुपमा स्वतन्त्र भएर अनियन्त्रित रूपले फैलिदै गई वनमा रहेका अनगिन्ती प्राकृतिक इन्धनका सामग्री आदिलाई बाल्दै नष्ट गर्दै विशाल रुप लिएर अगाडि बढ्छ त्यसलाई त्यसलाई वन डढेलो (Forest Fire) भनिन्छ । नेपालको हावापानी अनुसार प्रत्येक वर्ष बिशेष गरि फागुन देखि चैत्र सम्म बन डढेलो लाग्ने हुँदा उक्त अवधिलाई डढेलो संकट अवधिको रुपमा लिई रूपमा कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । नेपालको परिवेशमा भन्नुपर्दा वन जङ्गल, पाखा, घासे मैदान, खरबारीहरुमा विभिन्न बहानामा आगो लागईने र अधिकांश क्षेत्रहरु बढी सुख्खा भएका कारण आगो अनियन्त्रित भई डढेलो लाग्ने गरेको पाइन्छ।

## ५) वन डढेलोको कारक तत्वहरू बनडडेलोको कारक तत्त्वहरूः

बिशेष गरि वन डढेलोका प्रमुख २ वटा कारक तत्वहरु रहेका छनः

१) प्राकृतिक कारणः




२) कृत्रिम कारणः

क) अन्जान अर्थात भुलचुक

- मादक पदार्थ सेवन गर्दा,
- बटुवा धारीले खाना पकाउँदा,
- गोल पोल्दा,
- अरिङ्गाल वारुला पोल्दा,
- मह काट्दा रातमा राकु लिएर हिँड्दा,
- चाडवाडमा पटका पड्काउदा,
- बालबच्चाहरु आगोसँग खेल्दा

ख) नियतवस

- अतिक्रमण गरी खेती गर्ने,
- शिकार गर्ने,
- जंगली जनावर भगाउने,
- सुकेका दाउरा बटुल्नको लागि
- घरको सुरक्षाको लागि,
- अर्काको रिसिवी गर्ने चलन ,
- खेत वारीमा मल आउछ भन्ने धारणा आदि कारणले नियत वा स्वार्थको कारण आगो लगाउने चलन रहदै आएको छ,

**६) वन डढेलोकोवाट हानि नोक्सानीहरुः**

| क्षेत्र | असर |
|---|---|
| **सामाजिक तथा आर्थिक असर** | विकास निर्माण, बढी पहिरो, धनजनको क्षति, बन विनास |
| **वातावारणीय बिनास** | वायु प्रदुषण, हरित गृह प्रभाव, जल भण्डार कमि, वर्षाको अनियमितता, कृषि उत्पादनमा कमि, मौसम परिवर्तन, |
| **जैविक विविधतामा ह्रास** | वनस्पति विविधतामा ह्रास,<br>जीवजन्तु विविधतामा ह्रास |
| **वन विनास** | बिरुवा पुरारुत्दनमा कमि, वन्यजन्तु माथिको असर, माटोको उत्पादनमा कमी |

**७) वन डढेलो न्यूनीकरणका उपायहरुः**

वन डढेलो न्यूनीकरणको लागि प्रतिरोध र नियन्त्रण गरि २ वटा उपायहरु छ,

**क) प्रतिरोध अन्तर्गतः**

- अग्नि नियन्त्रण टोली गठन गर्ने,
- सुख्खा याममा (फागुनदेखि जेष्ठसम्म) वन हेरालुको व्यवस्था मिलाउने,
- वनमा अग्निरेखा निर्माण गर्ने,
- भएका अग्निरेखाहरूलाई सरसफाई गर्ने,
- अग्नि नियन्त्रण सामग्रीको व्यवस्थापन गर्ने,
- सरोकारवालाहरूसँग आवश्यक समन्वय र सहकार्य गर्ने,
- वन क्षेत्रभित्र रहेका पानीको मुहानहरूको संरक्षण गर्ने,
- ठाउँ ठाउँमा पानी पोखरी निर्माण गर्ने,
- विद्यालय तथा कलेजका पाठ्यक्रमहरुमा वन डढेलो नियन्त्रण सम्बन्धी विषयवस्तु समावेश गर्ने,
- रेडियो, टिभी, पात्रपत्रिका र सामाजिक सञ्जालहरूबाट वन डढेलो नियन्त्रण सम्बन्धी सूचनाहरु प्रचारप्रसार गर्ने,
- जोखिम क्षेत्रहरुमा सचेतनामूलक होर्डीङ्ग बोर्डहरु राख्ने आदि

**ख) नियन्त्रणका उपायहरुः**

- उपलब्ध सामाग्रीहरुको उपयोग गरि तुरुन्त आगो निभाउने,
- प्रतिरोध गर्ने आगो लागाउने,
- डढेलो प्रभावित क्षेत्रमा अनुगमन गरि ननिभेको आगो निभाउने,
- डढेलोबाट भएको क्षतिको पहिचान गर्ने,
- क्षतिको अभिलेख राख्ने,
- सूचनाको आदान प्रदान गर्ने,
- पिडितहरुको लागी क्षतिपूर्तिको व्यवस्था मिलाउने,
- प्रभावित क्षेत्रको यथाशीघ्र पुनर्स्थापना गर्ने,

## ८) वन डढेलोबाट प्रभावित हुन सक्ने सरुमारानी गाउँपालिकाको सम्बेदनशील क्षेत्रहरु स्थानहरुः

### क) मानव मुख्य बस्तिहरुः

| क्र.स. | वडा | टोल/स्थानहरु |
|---|---|---|
| १ | १ | आँटिटार,झिलिबाङ्ग,कोलगाड,फोर्साबाङ्ग,कालीबन,रातामाटा |
| २ | २ | भुल्के भोम्पाली,ढाँडा,रत्ले मसुरे,गनाह,भुल्के तल्लो ढाँड,बिरे बगर,रातो पहरा,बिचढाँड |
| ३ | ३ | रातामाटा,जाबुने,दोमै,चाभा,अरुसथर,धुआँकोट,ओखरडाँडा,भकुण्डे,सजिकोट, बढखोला,बिचौरे, पनाह |
| ४ | ४ | ओखईडाडा,भन्झाङ्ग,गढि,डुङ्गरुङ्गे,बेलडाँडा,हपुरखोला,छत्तिबन दमार,सिरवारीटोल,दाङ्कसिं मान्द्रे,पुर्णागाउँ,गैरिघाट,जाबुने,उपल्लो मान्द्रे,कुडुले,बंगारेटोल |
| ५ | ५ | छबिसे,राङ्गभाङ्ग,लुकलुके,बिरिङ्गकोट,तारिके,जस्पुर,पाखापानी,हात्तिखाल,बराहपानी, कुलधारा,बुढीचौर,कथुर्के र सैराकोट। |
| ६ | ६ | रज्जे,गोदधारा,पाङ्कोट,पाङ्गवाङ्,भिङ्ग्रिखोला,घाधुरी,अर्खले,गोधारे,गुराँसे,सिम्ले,पात्ला,कुटिचौर, मोतिपुर,ढाँड,ओढारे उपरखुट्टी। |

## ९) वन डढेलोसंग सम्बन्धीत बिगतका सिकाईहरुः

- सामूदायिक वनहरुको सक्रिय सहभागिता
- प्रचारप्रसार, माईकिङ्ग, सचेतिकरणका कार्यक्रमहरु संचालन
- सरोकारवालाहरुको समन्वय सहकार्य र सहयोग

## १०) वन डढेलो नियन्त्रण सम्बन्धी योजनाहरुः

| क्र.स. | क्रियाकलाप | कहिले गर्ने | कहाँ गर्ने | कसले गर्ने | सहभागिता | नतिजा/आधार केहो |
|---|---|---|---|---|---|---|
| १ | वन डढेलो व्यवस्थापन योजना तयारी | मङ्सिर | पालिकामा | विपद सम्पर्क ब्यक्ती र विपद सम्पर्क ब्यक्ती | कर्मचारी, जनप्रतिनिधी, संघसस्था | आगलागी नियन्त्र कार्यबिधी तयार हुनेछ |
| २ | डढेलो नियन्त्रण सम्बन्धी पूर्वतयारी गोष्ठी | मङ्सिर | समुदाय, वडा र पालिका स्तरमा | विपद व्यवस्थापन शाखा | समुदय, जनप्रतिनिधी, कर्मचारी, संघसस्थाको प्रतिनिधी | वन डढेलो नियन्त्रण सम्बन्धी देखा परेका समस्याहरु र नियन्त्रणको प्रभावकारी उपायहरुको बारेमा छलफल गरि योजनना समाबेस गरि कार्यन्वयन गर्न सकिन्छ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | वन क्षेत्रको झाडी/ सरसफाई गर्ने | पुष | पालिका भित्रको बन | पालिकाको संयोजनमा बन उपभोक्ता समितिले | सा.ब.उ समितिको सदस्य र पदाधिकारीहरुले गर्ने | प्रज्वलनशील पदार्थको व्यवस्थापन भई डढेलो लाग्बाट बच्ने, यदि लागिहालेमा सहजै नियन्त्रण गर्न सकिने |
| ४ | सरोकारवाला संगको समन्वयात्मक बैठक | पुष | पालिका | विपद व्यवस्थापन शाखा | राजनीतिक दलका प्रतिनिधी, जनप्रतिनिधी, कर्मचारी, संघसस्था प्रतिनिधी, नेपाल प्रहरी, रेडक्रस, बन समितिका प्रतिनिधी र अन्य सरोकारवाला निकायहरु | वन डढेलोको कारण, न्युनिकरणको उपायहरु, डढेलो जस्तो अपराधमा संलग्न दोषीहरुको पहिचान र कारवाही प्रक्रियामा सहयोग पुग्ने |
| ५ | अग्नि नियन्त्रणको लागि सम्पूर्ण सामग्रीको खरिद र वितरण | पुष | सबै वडाहरुमा | विपद व्यवस्थापन शाखा | सवै वडाहरु | नियन्त्रणको काममा सहयोग पुग्ने |
| ६ | द्रुत परिचालन समूह (Rapid Action Force) गठन र परिचालन | माघ गठन, नियमित परिचालन | सबै वडाहरुमा | विपद व्यवस्थापन शाखा | कर्मचारी, जनप्रतिनिधी, समुदाय, सुरक्षा निकाय | टोलि गठन हुने, सबैको सक्रिय सहभागिता र संलग्नता हुने फलस्वरूप नियन्त्रणमा सहयोग पुग्ने |
| ७ | सुराकी वा निगरानी कर्ताको परिचालन | नियमित | सबै वडाहरुमा | सम्बन्धीत वडा | वडा समिती | डढेलो सम्बन्धी सूचना प्राप्त गरि अपराधीलाई सजाय गर्न सहज हुने |
| ८ | जंगलमा अग्नि रेखाहरु निर्माण र सरसफाई | माघ | जोखिम क्षेत्रहरुमा | सम्बन्धीत वडा, विपद व्यवस्थापन शाखा | समुदाय, नियन्त्रण टोली, जनप्रतिनिधी, सुरक्षा टोली | आगो लागि हुन पाउदैन, आगलागी भैहाले पनि नियन्त्रण गर्न सहज हुन्छ |
| ९ | वन डढेलो सम्भावित जङ्गलहरुको बीचबीचमा | जेष्ठ देखि भदौ सम्म | जोखिम क्षेत्रहरुमा | विपद व्यवस्थापन शाखा र सम्बन्धीत वडा | समुदाय, जनप्रतिनिधी, ब.उ.स. | आगलागीको आपतकालीन अवस्थामा नियन्त्रण गर्न सहज हुने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पानी पोखरीहरु निर्माण गर्ने | | | | | |
| १० | वन डढेलो सम्बन्धी संचार माध्यमवाट जनचेतना प्रचार प्रसार गर्ने | माघ महिना देखि जेठ सम्म | पालिका भरि | विपद व्यवस्थापन शाखा, सा.व.उ. स., सबै वडाहरु | पत्रकार, विपद सम्पर्क ब्यक्ती, संघसस्था | समुदाय, कर्मचारी, वडा र सरोकार वाला सबैमा आगलागी नियन्त्रण सम्बन्धी जनचेतना अभिबृदी हुन्छ जसले डढेलो लगाउने काम प्रति निरुत्साहित गराउछ |
| ११ | बन जंगलमा भएका ज्वलनशील बस्तुहरुको व्यवस्थापन | माघ | पालिका भित्रको वनमा | वडा, उपभोक्ता समिती, समुदाय | वडा, पालिका, उपभोक्ता समितिहरु | आगलागी हुन पाउदैन, यदि आगलागी भैहाल्यो भने पनि फैलन पाउदैन र नियन्त्रण गर्न सजिलो हुन्छ |
| १२ | प्रभावित परिवारलाई राहत तथा उद्दार | नियमित | प्रभावित क्षेत्रमा | स्थानीय पालिका र वडा | प्रभावित परिवार, सम्बन्धीत वडा, पालिका | प्रभावित परिवारलाई उद्दार हुने र राहतको महसुस हुन्छ, |
| १३ | नियन्त्रणमा खटिने टोलीको बिमा कार्यक्रम गर्ने | आ व को प्रारम्भमै | सबै वडामा | स्थानीय सरकार | नियन्त्रण टोली, स्थानीय सरकार | आगलागी नियन्त्रणमा खटिने टोलीलाई क्षती पुगेमा उद्दार र राहत गर्ने सकिने |

## ११) योजनाको औचित्य :

विगतका प्रयास र अनुभवहरुलाई आधार मानि यो योजना तयार गरिएको छ। योजनामा व्यवस्था गरिएको कार्यक्रमहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिएमा डढेलोबाट पर्ने असरलाई न्यूनीकरण गर्न सकिन्छ। एक्लो प्रयासबाट गरिने कार्यक्रमहरु भन्दा योजनाबद्ध रुपमा गर्ने कार्यक्रम बढी प्रभावकारी हुने हुनाले पनि योजनामा सबैको सहभागितालाई सुनिस्चित गरियको छ। कार्यक्रमलाई सफल पार्न सरोकारवाला र निकायहरुको सामुहिक प्रयास र समन्वय हुन जरुरी छ सबैको सहभागिताहरुलाई बढी प्राथमिकता दिएको यस योजनाको कार्यान्वयनबाट लक्षित उद्देश्य हासिल हुने अपेक्षा गर्न सकिन्छ ।

## १२) अनुगमन र निरीक्षण :

वन डढेलोको समय सुरु हुनुसाथ स्थनीय विपद ब्यवस्थाप समितिद्वारा सम्बन्धीत वडा, समुदाय, वन उपभोक्ता समिति, पत्रकार, स्थानीय सुरक्षा सयन्त्रको प्रतिनिधी, द्रुत प्रतिकार्य टोलि र अन्य सरोकार वालाहरुसंग समन्वय गरि नियमित रुपमा अनुगमन र निरीक्षण गरिने छ ।साथै वनमा डढेलो नियन्त्रणमा प्रमुख भूमिका खेल्ने सामुदायिक वन समुहहरुको विवरण निम्नानुसार रहेका छन ।

**तपशिल**

| क सं | सामुदायिक वनको नाम | ठेगाना पालिका वार्ड नं | क्षेत्रफल हे | घरधुरी संख्या | सम्पर्क नं |
|---|---|---|---|---|---|
| १ | झिलिवाङ्ग | सरुमारानी गाउँपालिका वडा नं १ | ३७३.४४ | ८५ | ९८४४८५५८२२ |
| २ | कालिवन | सरुमारानी गाउँपालिका वडा नं १ | २६७.७६ | ७० | ९८६६८५७३८४(पूर्व अध्यक्ष) |
| ३ | खारखोली | सरुमारानी गाउँपालिका वडा नं १ | २७१ | २२६ | ९८४८२७५४०६ |
| ४ | झाक्रिदमार | सरुमारानी गाउँपालिका वडा नं १, बाङ्गेशाल | १५९.५२ | २२४ | ९८६६७३१०२९ |
| ५ | बसेनीदमार | सरुमारानी गाउँपालिका वडा नं १ | २४६ | २२० | ९८४७९२६३१७ |
| ६ | बगाले | सरुमारानी गाउँपालिका वडा नं 1 र २, बाङ्गेशाल | २६२.५९ | २०३ | ९८४९६२७५३८ |
| ७ | धुलेखार | सरुमारानी गाउँपालिका वडा नं २, बाङ्गेशाल | ४८८.८ | २६८ | ९८६६९९५४०६ |
| ८ | डोर्णखोली | सरुमारानी गाउँपालिका वडा नं २ | ८३.९६ | १५१ | ९८४४९४१७५७ |
| ९ | ददेरी | सरुमारानी गाउँपालिका वडा नं २ | २११ | १५१ | ९८४४९३०४८८ |
| १० | गनाह | सरुमारानी गाउँपालिका वडा नं २, बाङ्गेशाल | ४४०.७६ | ८९ | ९८०९७७८४८८ |
| ११ | चरिंगे | सरुमारानी गाउँपालिका वडा नं २ | ४२२.२५ | १४३ | ९८१८५७८६८२१ |
| १२ | धनौरी | सरुमारानी गाउँपालिका वडा नं ३ | ३७८ | १६० | ९८४६५५७४४४ |
| १३ | खड्क | सरुमारानी गाउँपालिका वडा नं ३ | ५४९ | १२५ | ९८४१७४५२७७ |
| १४ | जनता | सरुमारानी गाउँपालिका वडा नं ३ | २८६ | ८४ | ९८६४७१८६१७ |
| १५ | पालुथान | सरुमारानी गाउँपालिका वडा नं ३, हंसपुर | १५८.७४ | ६६ | ९८६८०९८८५८ |
| १६ | देउतिथान | सरुमारानी गाउँपालिका वडा नं ३ | १६५ | ८६ | ९८५७८३१९६० |
| १७ | चाभा | सरुमारानी गाउँपालिका वडा नं ३ | १४७.८३ | ७७ | ९८४७९५८२८६ |
| १८ | अमर | सरुमारानी गाउँपालिका वडा नं ३ | १५९ | ३७ | ९८६४७१८४९६ |
| १९ | रानीआँप | सरुमारानी गाउँपालिका वडा नं ३ | १५२ | ८० | ९८६८६१७७३९ |
| २० | सोलिघोप्टे | सरुमारानी गाउँपालिका वडा नं ४ | १२८ | १२९ | ९८६१९०४६४५ |
| २१ | चिहानडाँडा | सरुमारानी गाउँपालिका वडा नं ४ | ५८३ | २०८ | ९७६५५४९९३१ |
| २२ | बनगढी | सरुमारानी गाउँपालिका वडा नं ४, ढुंगेगढी | ३१७.२४ | १५२ | ९८६६९७३२०२ |
| २३ | छबिसे | सरुमारानी गाउँपालिका वडा नं ४ र ५ | ८७.७ | १६१ | ९८५७८३३०१५ |
| २४ | बच्छिम पखेरा | सरुमारानी गाउँपालिका वडा नं ४ | २५६.१८ | १११ | ९८६९४८३१९४ |
| २५ | खहरे | सरुमारानी गाउँपालिका वडा नं ४ | ३११.८३ | ६६ | ९८०९७४७७५५ |

| | | | | | |
|---|---|---|---|---|---|
| २६ | जसपुर | सरुमारानी गाउँपालिका वडा नं ५ | २८१.५६ | २०३ | ९८४४९१९४७८ |
| २७ | राङ्गवाङ्ग | सरुमारानी गाउँपालिका वडा नं ५ | ४०६ | ८० | ९८२९८९०६०४ |
| २८ | कालिढुङ्गा | सरुमारानी गाउँपालिका वडा नं ५ | ४३५ | १४० | ९८०६९२८८७ |
| २९ | चौकेडाँडा | सरुमारानी गाउँपालिका वडा नं ५ | २६१.१५ | ११२ | ९८२९८४८८०० |
| ३० | कमलादेवी | सरुमारानी गाउँपालिका वडा नं ५ | ३३५.७५ | १५९ | ९८२९८३७७५६ |
| ३१ | बुढीचौर | सरुमारानी गाउँपालिका वडा नं ६, तिराम | ३२७.७६ | ११९ | ९८६६८०९३९४ |
| ३२ | बहास्थान | सरुमारानी गाउँपालिका वडा नं ६ | १०४.५४ | १११ | ९८६६९६४२१२ |
| ३३ | पाङ्गबाङ्ग | सरुमारानी गाउँपालिका वडा नं ६ | १०४.५४ | १११ | ९८६६९६४२१२ |
| ३४ | भिंग्रिखोला | सरुमारानी गाउँपालिका वडा नं ६ | ६७४.९ | २६३ | ९८४२३५५८६० |
| ३५ | मदाने | सरुमारानी गाउँपालिका वडा नं ४ | ४९८ | ८३ | ९८४३४६५६४५ |
| ३६ | मतीकन्या | सरुमारानी गाउँपालिका वडा नं ६ | ३५१ | १८७ | ९८४७९०६४८४ |

समाप्त ।।।

प्रमाणिकरण मितिः २०८२।२।९

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत